# सुन्दरवजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

मिति २०७६।०९।२९

प.स.२०७६/०७७
च.न. ११२८

बिषय :-पर्यटन गन्तव्यहरुको छनौट गरि पठाउने सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सवै ।
सुन्दरबजार नगरपालिका,लमजुङ

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति लमजुङको च.न. १३९ मिति २०७६।०८।२३ गतेको प्रदेश सरकार पर्यटन वर्ष २०१९-०२२ को घोषण कार्यक्रम अनुसार पठाएको पत्र यसै पत्र साथ संलग्न राखी पठाईएको छ । सोही अनुसार वडा तहमा रहेका पर्यटन गन्तव्यहरु छनौट गरि यथा शिघ्र नगरपालिकाको कार्यालयमा पठाइदिनु हुन अनुरोध गरिन्छ ।

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# जिल्ला समन्वय समिति

वेसीशहर,लमजुङ
गण्डकी प्रदेश नेपाल
२०७३

मिति :२०७६।०८।२३

प.सं :२०७६।७७
च.नं. : १२५

विषय : पर्यटन गन्तब्यहरुको छनौट गरी पठाउने सम्बन्धमा ।

श्री बेसीशहर/सुन्दरवजार/मध्यनेपाल/राईनास नगरपालिका लमजुङ
श्री क्व्होलासोंथार/ मर्स्याङ्दी/दोर्दी/ दूधपोखरी गाउँपालिका लमजुङ ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकारको पर्यटन वर्ष २०१९-०२२ का घोषणा कार्यक्रम अनुसार यस मन्त्रालयबाट आ.व.०७५।७६ मा ११० पर्यटन गन्तब्यहरु घोषणा भई पुस्तक प्रकाशन भइसकेको र यस आ.व.०७६।७७ मा प्रदेश सरकारको कार्यक्रम बमोजिम यस वर्षपनि प्रत्येक जिल्ला बाट १० वटाको दरले ११ जिल्लाबाट थप ११० पर्यटन गन्तब्यहरुको छनौट गरी पुस्तक प्रकाशन गर्ने कार्यक्रम भएकोले आ-आफ्नो जिल्ला अन्तर्गतका स्थानीय तहबाट छनौट विवरण पठाउने सम्बन्धमा यस जिल्ला समन्वय समितिको प.सं.०७६।७७ मिति २०७६।०६।१५ च.नं. ८५ पत्रसाथ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखराको च.नं. २६४ मिति २०७६।०५।२२ को पत्र संलग्न गरी तहाँ पालिकामा पठाइएकोमा हाल सम्म विवरण प्राप्त नभएकोले तहाँ स्थानीय तहमा रहेका पर्यटन गन्तव्यहरुको छनौट कार्यपालिकाबाट निर्णय गराई तपसील बमोजिमको कागजातहरु तथा विवरण संलग्न गरी यस जिल्ला समन्वय समितिमा तुरुन्त पठाइदिनु हुन अनुरोध छ ।

**तपसील :**

**संलग्न हुनुपर्ने कागजातहरु तथा विवरण :-**

१. पर्यटकहरुको आगमन संख्या
२. पूर्वाधारको अवस्था(सडकको पहूँच, खानेपानी, विद्युत, ईन्टरनेट आदि )
३. पर्यटनस्थलबाट स्थानीय तहमा राजश्वको आम्दानीको अवस्था
४. स्थानीय तहको सिफारिश पत्र
५. पर्यटन गन्तव्यको रंगीन फोटो थान २
६. पर्यटनस्थलको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक अवस्था झल्कने कम्तीमा १०० शब्दको परिचयात्मक लेख समाबेश गर्ने ।

...............
(लोकराज पाण्डे)
प्रमुख
जिल्ला समन्वय समिति लमजुङ

**बोधार्थ,**
श्री उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।